# झिमरुक गाउँपालिका

## प्राविधिक धार अधययनका लागि छात्रवृत्ति प्रदान गर्ने सम्बन्धी कार्यविधि-२०७९

कार्यपालिकाबाट पारित मितिः२०७९/०९/२१

प्रमाणिकरण मितिः २०७९/०९/२२

झिमरुक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भ्यागुते,प्यूठान

लुम्बिनी प्रदेश,नेपाल

# झिमरुक गाउँपालिका

# प्राविधिक धार अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने सम्बन्धी  कार्यविधि-२०७९

**प्रस्तावनाः**

गाउँपालिकाकामा आर्थिक  रुपमा विपन्न वर्गका जेहेन्दार विद्यार्थीहरुका लागि   प्राविधिक धार तर्फ सिभिल र हाइड्रो ईन्जिनियरिङका लागि छात्रवृत्ति प्रदान गरी गाउँपालिकामा आवश्यक प्राविधिक दक्ष जनशक्ति उपलब्ध गराउन  वाञ्छनीय भएकोले  गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## १.संक्षिप्त नाम र प्रारम्भः

"प्राविधिक धार अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने सम्बन्धी  कार्यविधि-२०७९" रहेको छ।

**२. परिभाषाः**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्विधिमाः

क."गाउँपालिका" भन्नाले झिमरुक गाउँपालिकालाई सम्झनु पर्नेछ।

ख."छनोट समिति" भन्नाले  दफा ३ बमोजिमको समितिलाई सम्झनु पर्दछ।

**३.छात्रवृत्ति प्रदान गर्नुपर्नेः**

गाउँपालिकाले आर्थिक रुपमा विपन्न वर्गका जेहेन्दार विद्यार्थीहरुका लागि प्राविधिक धार तर्फ सिभिल र हाइड्रो ईन्जिनियरिङका विषय अध्ययनका लागि  छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ ।

**४.छात्रवृत्ति पाउने आधारः**

क.प्राविधिक धार तर्फ सिभिल र हाइड्रो ईन्जिनियरिङ विषयमा मान्यता प्राप्त सरकारी शैक्षिकसंस्थाहरुले लिएको प्रवेश परीक्षा उत्तीर्ण गरेका झिमरुक गाउँपालिकाभित्रका  विपन्न वर्गका जेहेन्दार विद्यार्थी हुनुपर्ने।

ख.छात्रवृत्ति प्राप्तिका लागि परिवारको वार्षिक आम्दानी खुलाई सम्बन्धित वडाको सिफारिस सहित गाउँपालिकामा आवेदन पेस गरेको।

**५.छात्रवृत्ति छनोट समितिः**

आर्थिक रुपमा विपन्न वर्गका जेहेन्दार विद्यार्थीहरुका लागि प्राविधिक धार तर्फ सिभिल र हाइड्रो ईन्जिनियरिङका लागि छात्रवृत्ति सम्बन्धी आवश्यक कार्य गर्न देहाय बमोजिम एक छात्रवृत्ति छनौट समिति हुनेछ ।

क.गाउँपालिका अध्यक्ष  - अध्यक्ष

ख.गाउँपालिका उपाध्यक्ष - सदस्य

क.प्रमुख प्रशासकीय अधिकृत - सदस्य

घ.शिक्षा अधिकृत - सदस्य

ङ.प्रा.स.- सदस्य सचिव

**६.समितिको काम, कर्तव्य र अधिकारः**

क.छात्रवृत्ति प्रासिका लागि  परेका निवेदनहरुमाथि छलफल गरी दफा ३ बमोजिम रहे/नरहेको यकिन गर्ने।

ख.उपलब्ध बजेटको सीमाभित्र रही मापदण्ड अनुसार सबैभन्दा न्यून वार्षिक आम्दानीका आधारमा प्रथामिकतामा राखि विद्यार्थीहरु छनोट गर्ने ।

ग.छात्रवृत्तिको लागि छनोट भएका विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउन सिफासिस गर्ने।

**७.विविधः**

क.छनौट भएका विद्यार्थीहरुले गाउँपालिकाभित्र तोकिएको बैंकमा खाता खोल्नुपर्नेछ।

ख.छनौट भएका विद्यार्थीहरुले  निवेदन सहित भर्ना तथा मासिक शुल्क तिरेको विल पेस गरेमा उक्त वापत विद्यार्थीहरुको खातामा रकम उपलब्ध गराउनु पर्ने छ।

ग.अध्ययन बिचैमा छोडेमा छात्रवृत्ति उपलब्ध गराउन सकिने छैन।

घ.छात्रवृत्ति सुरुको एक तह पार गर्दासम्म मात्र प्रदान गरिने छ।

ङ.बजेटको अभाव भएमा प्राथमिकताका आधारमा छात्रवृत्ति प्रदान गरिनेछ ।

झिमरुक गाउँ कार्यपालिका बैठकबाट मिति २०७९/०९/२१ गते पारित यो कार्यविधि झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणीकरण-कार्यविधि,२०७४ को नियम ४ को उपनियम १ बमोजिम प्रमाणीकरण गर्दछु ।

सुवाश रिजाल
प्रमुख प्रशासकीय अधिकृत
मितिः२०७९।०९।२२